नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालय
# विकास सहायता समन्वय शाखा
सिंहदरबार, काठमाण्डौ

फोन नं. ५५३१८५०
५५४६३५४

मिति : २०७५।०५।२६

प.स. २०७५।०७६
च.नं. : ११6

श्रीमान सचिबज्यू ,
भौतिक पूर्वाधार विकास मन्त्रालय
७ वटै प्रदेश |

**विषय : झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम संचालनका लागि प्राविधिक सहयोग बारे ।**

उपरोक्त विषयमा विगत झण्डै चालिस बर्ष देखि स्वीस सरकारको प्राविधिक सहयोगमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम संचालन भै आएको र जस अन्तर्गत देशमा ७५०० भन्दा बढि झोलुङ्ग पुल निर्माण भैसकेको व्यहोरा अनुरोध गर्दछु ।

हालसम्म यस मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार विकास विभाग (DoLI) को समन्वयमा जिल्ला समन्वय समिति (जि.स.स.) /जिल्ला प्राविधिक कार्यालय (जि.प्रा.का.) मार्फत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम देशको सात वटै प्रदेश तथा ७७ वटै जिल्लामा संचालन भइ आएको छ । उक्त कार्यक्रम संचालनको लागि नेपाल सरकार तथा स्वीस सरकार विचको दुई पक्षीय सम्झौता अन्तर्गत ट्रेल ब्रृज सर्पोट युनिट (TBSU) / हेल्भेटास स्वीस इन्टरकोपरेसन नेपाल तथा प्राविधिक सहयोग प्रदायक साझेदार संस्थाले प्राविधिक सहयोगका साथै झोलुङ्गे पुल निर्माणको लागि चाहिने आबश्यक लठ्ठा तथा फलामे सामानहरुको स्टोर व्यबस्थापन तथा वितरण गर्दै आइरहेको छ ।

मुलुकको पुनर्सरचना अनुरुप प्रदेश स्तरबाट निर्माण तथा संचालन गरिने झो.पु. हरुको निर्माणको लागि प्राबिधिक सहयोग TBSU मार्फत उपलब्ध गराइने व्यहोरा अनुरोध छ | यसका लागि TBSU ले सबै प्रदेशमा तपसिल बमोजिम प्रादेशिक कार्यालय स्थापना गरी प्राविधिक सहयोग प्रवाह तथा स्टोर व्यबस्थापन गर्दै आएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

| प्रदेश नं | टि.वि.एस.यु.को प्रादेशिक कार्यालयहरु | स्टोर |
|---|---|---|
| १ | धरान | ईटहरी |
| २ | बर्दिवास | बर्दिवास |
| ३ | काठमाण्डौ | काठमाण्डौ |
| ४ | पोखरा | पोखरा |
| ५ | नेपालगंज | नेपालगंज |
| ६ | सुर्खेत | नेपालगंज |
| ७ | डडेलधुरा | नेपालगंज |

प्राविधिक सहयोग अन्तर्गत National Norms/ Standards अनुसार गुणस्तर सुनिश्चिता, क्षमता अभिबृदि, लठ्ठा तथा फलामे सामनको व्यबस्थापन र बितरणका लागि TBSU संग सहयोग र समन्वयमा गर्नुहुन अनुरोध गर्दछु । कार्यक्रम संचालनमा सहजताको लागि National Norms/ Standards तथा झो.पु कार्यक्रमसंग सम्बन्धित सन्दर्भ सामाग्रीहरु TBSU मार्फत उपलब्ध गराईने छ | साथै मिति २०७५ साल श्रवण १८ गतेको Steering Committee को निर्णय समेत संलग्न गरि यसै साथ पठाईएको छ |

बोधार्थ:
श्री स्थानीय पूर्वाधार विभाग, श्रीमहल,पूल्चोक

(अमृत लम्साल)
उप सचिब